आज मिति २०७९ साल आषाढ ८ गतेका दिन यस दुल्लु नगरपालिका, नगर कार्यपालिकाको तेस्रो बैठक नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षता देहाय अनुसार पदाधिकारी एवम् सदस्यज्यूहरुको समुपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम,थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल ज्यु | नगर प्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| २ | श्री बिना कार्की ज्यू | नगर उप प्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| ३ | श्री ज्ञानमणि नेपाल ज्यू | प्रमुख प्रशासकीय अधिकृत | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ४ | श्री तर्क बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ५ | श्री फारमसिंह थापा ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ६ | श्री कुल बहादुर कार्की ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ७ | श्री भ्रम बहादुर भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ९ | श्री हस्त बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १० | श्री कविराज रावत ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ११ | श्री शुशिल कुमार भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १४ | श्री सुरेन्द्रजंग भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १५ | श्री लिलाराम लम्साल ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १६ | श्री विर्ष बहादुर शाही ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १७ | श्री नन्दकला बुढा ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १८ | श्री सीता शाह ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १९ | श्री सीता नेपाली ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २० | श्री हिरा कुमारी खड्का ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २१ | श्री विष्णा कुमारी कुमाल वि.क.ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २२ | श्री कलमे दमाई ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २३ | श्री रमेश परियार ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २४ | श्री धन बहादुर सुनार ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| आमन्त्रित कर्मचारीहरु . | | | | |
| २५ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | | |
| २६ | श्री तुलसी प्रसाद उपाध्याय | योजना अधिकृत | | |
| २७ | रमेश प्रसाद उपाध्याय | कम्प्युटर अपरेटर | | |

मिति २०७९/०३/०८ को तेश्रो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :

प्रस्तावहरु :

१) नगर कार्यपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।

२) नगरपालिकाको बैठकमा ग्रुप एस.एम.एस. मार्फत सूचना प्रवाह गर्ने सम्बन्धमा ।

३) नगर कार्यपालिकाका बैठकका निर्णय प्रमाणिकरण सम्बन्धमा ।

४) योजना अनुगमन, जाँचपास फरफारक तथा भुक्तानी गर्ने सम्बन्धमा ।

५) नव प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा ।

६) घरभाडा शीर्षकमा थप रकम रकमान्तर सम्बन्धमा ।

७) शिक्षा तर्फ सशर्त अनुदान अन्तर्गत प्राप्त आई.सि.टी.सामान खरिद,विज्ञान प्रयोगशाला (ल्याव) व्यवस्थापन र पुस्तकालय व्यवस्थापन कार्यक्रम वितरण सम्बन्धमा ।

८) ११ औं नगर सभामा अतिथि आमन्त्रण सम्बन्धमा ।

९) विषयगत समितिका सदस्य सचिव तोक्ने सम्बन्धमा ।

१०) राष्ट्रपति शैक्षिक सुधार र सिक्दै कमाउँदै कार्यक्रम लगायत वि.व्य.स.सँग सम्झौता भई कार्यान्वयनमा रहेका विद्यालयको खातामा जम्मा गर्ने सम्बन्धमा ।

११) आ.ब. २०७९/०८० को नीति, कार्यक्रम तथा वजेट तर्जुमा सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको काम कारवाहीलाई आवश्यकता अनुसार सार्वजनिक गर्न कार्यपालिकाको प्रवक्ताको रुपमा कार्यपालिका सदस्य श्री दिपेन्द्र कुमार पुरीलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिकाको बैठकमा ग्रुप एस.एम.एस.मार्फत सूचना प्रवाह गर्ने र सोही सूचनालाई आधार मानी बैठकमा उपस्थित हुने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर कार्यपालिकाका बैठकका निर्णयहरु प्रमाणिकरण गर्न नगर कार्यपालिकाको तर्फबाट नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशाकीय अधिकृत, कार्यपालिका सदस्य श्री सुरेन्द्रजंग भण्डारी र श्री कविराम रावतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका क्षेत्रमा संचालन भएका विभिन्न आयोजनाहरुको अनुगमन, जाँचपास, फरफारक र भुक्तानी सम्बन्धी व्यवस्था देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) रु ५ लाखसम्मका आयोजनाहरु वडास्तरिय अनुगमन समितिको निर्णय, प्रतिवेदन र सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिने,

(ख) रु ५ लाख भन्दा माथिका आयोजनाहरु अनुगमन, जाँचपास, फरफारक गर्दा नगरस्तरिय अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने, तर वडा समितिको अनुगमन प्रतिवेदन निर्णय र सिफारिस समेत अनिवार्य गर्नुपर्ने,

(ग) भुक्तानी दिएका आयोजनाहरुको चौमासिक रुपमा जानकारीका लागि कार्यापालिका बैठकमा पेश गर्नुपर्ने ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाका लगायत नारायण नपा, चामुण्डाविन्द्रासैनी नपा र भैरवी गा.पा.समेत साझेदार हुने गरी कर्णाली प्रदेशको नव प्रवर्द्धन साझेदारी कोष अन्तरगत यस नगरपालिकाको स्वच्छ नगरपालिका, स्वस्थ्य नागरिक र स्थानिय रोजगारीका लागि फोहोरलाई मोहोर कार्यक्रमको प्रस्ताव स्वीकृत भई चालु आ.व. मा खर्च गर्ने गरी ५८४५०००।०० रकम प्राप्त भई सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले देहाय अनुसारका कार्यक्रम देहाय अनुसार संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१) ड्रम्पर ट्रक (१ थान) : दुल्लू नगरपालिकाको मातहतमा रहने ।

२) City Sanitation Model Master Plane तयार भएको हुदाँ स्वीकृत गर्ने ।

३) संस्थागत फोहोर संकलनका लागि ४० लि. बर्गिकृत विन बकेट थान ८०० खरिद गरी ४ वटै पालिकामा वितरण गर्ने ।

४) सार्वजनिक स्थानका लागि ७० लि. का २ वटा विन बकेट स्ट्यान सहितका १०० सेट खरिद गरी ४ वटै पालिकामा वितरण गर्ने ।

५) घरायसी फोहोर संकलनका लागि १५ लि. बर्गिकृत विन बकेट १६०० थान खरिद गरी ४ वटै पालिकाका अति विपन्न घरधुरीमा वितरण गर्ने ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा घरभाडा शीर्षकमा रकम अपुग भई वडा नं. ७ को वडा कार्यालय वसेको दुल्लू नगरपालिका वडा नं. ७ का श्री भागवत हमालको घरको भाडा भुक्तानी गर्न बाँकी रहेकाले सो रकम चालु आ.ब.को सेवा तथा परामर्श शीर्षकबाट भाडा शीर्षकमा रकम रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा शिक्षा तर्फ सशर्त अनुदान अन्तर्गत प्राप्त आई.सि.टी. सामान खरिद, विज्ञान प्रयोशशाला (ल्याव) व्यवस्थापन र पुस्तकालय व्यवस्थापन कार्यक्रम अन्तर्गत निम्न विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | विद्यालयको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | विज्ञान प्रयोगशाला | सरस्वती मा.वि. कृष्णकोट दुल्लू न.पा. ४ | ६५०००००।०० |

| | | | | |
|---|---|---|---|---|
| २ | विज्ञान प्रयोगशाला | विजया मा.वि. खालिचाखा दुल्लू न.पा. ७ | ६५०००००।०० | |
| ३ | माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन | ने.रा.मा.वि.किर्तिखम्ब दुल्लू न.पा. ७ | ६५०००००।०० | |
| ४ | | सुर्योदय मा.वि. लम्सु दुल्लू न.पा. १२ | ६५०००००।०० | |
| ५ | | पञ्चकोशी वेदविद्याश्रम नाभिस्थान दुल्लू न.पा. १० | ६५०००००।०० | |
| ६ | आईसिटि ल्याव व्यवस्थापन | कालिकादेबी मा.वि. हाडेआवत दुल्लू न.पा. १३ | ६५०००००।०० | |
| ७ | | लक्ष्मी आ.वि. बस्नेपाटी दुल्लू न.पा. ६ | ६५०००००।०० | |

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७९ साल आषाढ १० गते शुरु हुने ११ औं नगर सभामा यस क्षेत्रका संघीय माननीय र कर्णाली प्रदेश सरकारका माननीय मन्त्री श्री हिम बहादुर शाही, श्री राज बहादुर बुढा, सुशिलकुमार थापा र संविधान सभा सदस्य श्री लक्ष्मी प्रसाद पोखरेलज्यू लगायत नगर स्थित कृयाशील विभिन्न राजनीतिक दलका प्रमुख ज्यूहरुलाई लाई अतिथिका रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत गठित देहाय अनुसारका विषयगत समितिमा देहाय अनुसारका कर्मचारीहरुलाई सदस्य सचिव तोक्ने गरियो ।

तपसिल

| क्र.स. | विषयगत समिति | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री कृष्णा न्यौपाने | अधिकृत छैटौं | |
| २ | सामाजिक विकास समिति | श्री विकासजंग शाही | शिक्षा अधिकृत छैटौं | |
| ३ | पूर्वाधार विकास समिति | श्री तुलसीप्रसाद उपाध्याय | योजना अधिकृत | |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री समशेर बहादुर शाही | अधिकृत छैटौं | |
| ५ | सुशासन तथा संस्थागत विकास समिति | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | |

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकालाई चालु आ.व. २०७८/०७९ मा प्राप्त राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र सिक्दै कमाउँदै कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएका योजना तथा कार्यक्रमहरु वि.व्य.स.सँग सम्झौता भई कार्यान्वयनमा रहेको र दक्ष कामदार तथा सामाग्रीहरुको अभाबका कारण काम सम्पन्न हुन नसक्ने अबस्था सृजना भएमा विद्यालयको खातामा योजना वापतको रकम जम्मा गरी कार्यसम्पन्न नहुदाँ सम्मका लागि विद्यालयको खाता बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा विभिन्न विषयत समितिबाट प्राप्त आगामी आ.ब. २०७९/०८० को नीति, कार्यक्रम तथा वजेट मिति २०७९ असार १० गते संचालन हुने ११ औं नगर सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि मस्यौदा तयार गरी पेश गर्न नगर स्तरीय कार्यक्रम तथा वजेट तर्जुमा समितिलाई मिति २०७९ असार ९ गते दिउसो २.०० वजे बैठक बसी मस्यौदा कार्यपालिका बैठकमा पेश गर्ने जिम्मेवारी दिने निर्णय गरियो।

आज मिति २०७९ साल आषाढ १० गतेका दिन विहान ८.०० वजे यस दुल्लु नगरपालिका, नगर कार्यपालिकाको चौथो बैठक नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षता देहाय अनुसार पदाधिकारी एवम् सदस्यज्यूहरुको समुपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम,थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल ज्यु | नगर प्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| २ | श्री बिना कार्की ज्यू | नगर उप प्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| ३ | श्री ज्ञानमणि नेपाल ज्यू | प्रमुख प्रशासकीय अधिकृत | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ४ | श्री तर्क बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ५ | श्री फारमसिंह थापा ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ६ | श्री कुल बहादुर कार्की ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ७ | श्री भ्रम बहादुर भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ९ | श्री हस्त बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १० | श्री कविराज रावत ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ११ | श्री शुशिल कुमार भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १४ | श्री सुरेन्द्रजंग भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १५ | श्री लिलाराम लम्साल ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १६ | श्री विर्ष बहादुर शाही ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १७ | श्री नन्दकला बुढा ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १८ | श्री सीता शाह ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १९ | श्री सीता नेपाली ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २० | श्री हिरा कुमारी खड्का ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २१ | श्री विष्णा कुमारी कुमाल वि.क.ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २२ | श्री कलमे दमाई ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २३ | श्री रमेश परियार ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २४ | श्री धन बहादुर सुनार ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| २५ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २६ | श्री तुलसीप्रसाद उपाध्याय | योजना अधिकृत | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २७ | श्री रमेश प्रसाद उपाध्याय | कम्प्यूटर अपरेटर | दुल्लू नगर कार्यपालिका दैलेख | |

मिति २०७९/०३/१० को चौथो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :

प्रस्तावहरु :

प्रस्ताव नं.१ : आगामी आ.ब. २०७९/०८० को प्रस्तावित बार्षिक नीति,कार्यक्रम तथा वजेट कार्यपालिकाबाट स्वीकृत गर्ने सम्बन्ध
।

प्रस्ताव नं.२: दुल्लू नगरपालिकाको आर्थिक विधेयक,२०७९ र विनियोजन विधेयक, २०७९ नगर सभामा पेश गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको नगर स्तरीय कार्यक्रम तथा बजेट तर्जुमा समितिले तयार ग पेश गरेको आगामी आ.व. २०७९।०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने र उक्त बार्षिक नीति, कार्यक्रम त बजेट ११ औं नगर सभामा पेश गर्न जिम्मेवारी नगर उपप्रमुख श्री बिना कार्की ज्यू लाई दिने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक विधेयक,२०७९ र विनियोजन विधेयक, २०७९ स ११ औं नगर सभाको बन्द शत्रमा प्रस्ताव (टेबुल) गर्न नगर प्रमुख ज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७९ साल आषाढ १२ गतेका दिन यस दुल्लु नगरपालिका, नगर कार्यपालिकाको पाँचौं बैठक नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षता देहाय अनुसार पदाधिकारी एवम् सदस्यज्यूहरुको समुपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम,थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल ज्यु | नगर प्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| २ | श्री बिना कार्की ज्यू | नगर उपप्रमुख | दुल्लू नगर कार्यपालिका, दैलेख | |
| ३ | श्री ज्ञानमणि नेपाल ज्यू | प्रमुख प्रशासकीय अधिकृत | दुल्लू नगर कार्यप्रालिका दैलेख | |
| ४ | श्री तर्क बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ५ | श्री फारमसिंह थापा ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ६ | श्री कुल बहादुर कार्की ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ७ | श्री भ्रम बहादुर भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ९ | श्री हस्त बहादुर खड्का ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १० | श्री कविराज रावत ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| ११ | श्री शुशिल कुमार भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १४ | श्री सुरेन्द्रजंग भण्डारी ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १५ | श्री लिलाराम लम्साल ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १६ | श्री विर्ष बहादुर शाही ज्यू | वडाध्यक्ष/नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १७ | श्री नन्दकला बुढा ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १८ | श्री सीता शाह ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| १९ | श्री सीता नेपाली ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २० | श्री हिरा कुमारी खड्का ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २१ | श्री विष्णा कुमारी कुमाल वि.क.ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २२ | श्री कलमे दमाई ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २३ | श्री रमेश परियार ज्यू | नगर कार्यधालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |
| २४ | श्री धन बहादुर सुनार ज्यू | नगर कार्यपालिका सदस्य | दुल्लू नगर कार्यपालिका दैलेख | |

आमन्त्रित कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लु नगरपालिका | |
| श्री तुलसी प्र. उपाध्याय | योजना अधिकृत | दुल्लु नगरपालिका | |
| श्री रमेश प्र. उपाध्याय | ले. अ. | दुल्लु नगरपालिका | |

मिति २०७९/०३/१३ को पाँचौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :

१) मुख्यमन्त्री विद्युत विस्तार कार्यक्रम आयोजनाको कार्यान्वयन सम्बन्धमा ।

२) ६० प्रतिशत काम सम्पन्न भएका योजनाहरुको भुक्तानी सम्बन्धमा ।

३) नीति, कार्यक्रम तथा वजेट निर्माण प्रक्रियामा खटिने कर्मचारीहरुलाई सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

४) कोभिड १९ महामारी प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्ने सम्बन्धमा ।

५) कर्मचारी अबकास कोष सम्बन्धी खाता खोल्ने सम्बन्धमा ।

६) विनायक फिल्ड निर्माण सम्बन्धमा ।

७) बहु सरोकारवाला मञ्च संचालन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

८) विद्युतका पोल वितरण गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट मुख्यमन्त्री विद्युत विस्तार पोल तथा तारका लागि मिति २०७९ असार १० गते रु ५० लाख प्राप्त भएको, उक्त आयोजना खरिद ऐन नियमावली अनुसार चालु आ.व.को असार मसान्तसम्म तोकिएको कार्य गर्न नसकिएको हुदाँ आगामी आ.व. २०७९/०८० मा खरिद ऐन बमोजिम उक्त कार्य गर्ने गरी हाललाई प्राप्त रकम यस नगरपालिकाको विविध खातामा खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. मा संचालित सशर्त प्रकृतिका (रकम फ्रिजहुने) आयोजनाहरुको हालसम्म ६० प्रतिशत काम सम्पन्न भएमा, सम्बन्धित निर्माण व्यवसायीसंगको समन्वयमा थप १५ दिनमा निर्माणको काम सम्पन्न गर्ने वडा कार्यालय तथा प्राविधिकको सिफारिस प्राप्त भएमा त्यस्ता आयोजनाकोहरुको थप १५ दिनभित्र हुनसक्ने काम समेतको मुल्यांकन गरी भुक्तानीका लागि चेक जारी गर्ने र चेकको मान्य अबधि सम्ममा तोकिए अनुसारकाको कार्य गर्न लगाई मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा वजेट निर्माण प्रक्रियामा खटिने तपसिलका कर्मचारीहरुलाई कार्य बोझ, कार्य व्यस्तता तथा खटन पटनको प्रकृति जस्ता पक्षको आधारमा मुल्यांकन गरी निजले खाईपाई आएको सुरु तलब स्केलको १ महिना बरावरको थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

(क) प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानमणि नेपाल
(ख) प्रशासकीय अधिकृत श्री तिलक वि.क.
(ग) योजना अधिकृत श्री तुलसीप्रसाद उपाध्याय
(घ) अधिकृत छैटौं श्री समशेर बहादुर शाही
(ङ) कम्प्यूटर अपरेटर श्री रमेश प्रसाद उपाध्याय

(च) लेखापाल श्री विनोद बहादुर थापा

(छ) सहायक लेखापाल श्री मान बहादुर कार्की

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सरकारको सशर्त अनुदान तर्फ कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ बमोजिम कार्य गर्ने गरी १२७७ घर परिवारलाई रु १० हजारका दरले प्रदान गर्नेगरी रकम प्राप्त भएको र प्रत्येक वडाबाट वडाको सिफारिसमा ९८ जनाका दरले छनौट गरी निजहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाका कर्मचारीहरुका लागि संचालनमा आउने अबकास कोष सम्बन्धी खाता दुल्लू स्थित कृषि विकास बैंकमा खोल्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकालाई चालु आ.व. मा सम्पन्न गर्ने गरी संघीय सरकारको खेलकुद पूर्वाधार निर्माण कार्यक्रम अन्तरगत विनायक खेल मैदान निर्माणका लागि रु ८ लाख प्राप्त भएको र उक्त आयोजना ठेक्का र उपभोक्ता समिति मार्फत समय अभाबका कारण सम्पन्न गर्न नसकिने भएको हुदाँ प्राकृतिक स्रोत व्यवस्थापन कलेज विनायकमा उक्त कार्य कोटेशन प्रक्रिया मार्फत निर्माण प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा बहु सरोकारवाला मञ्च संचालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकालाई भौतिक पूर्वाधार विकास कार्यालय दैलेख मार्फत प्राप्त पोल र तारहरु १३ वटै वडाहरुलाई बरावर हुनेगरी वितरण गर्ने र विद्युत प्राधिकरण संगको समन्वयमा लाईन विस्तारको कार्य गर्ने जिम्मेवारी सम्बन्धित वडा अध्यक्ष ज्यूहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

आज मिति २०७९ साल असार २४ गतेका दिन यस दुल्लू नगरपालिकाका नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको छैटौं बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

| सि.न. | पदाधिकारीहरुको नाम थर | ठेगाना | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल | नगर प्रमुख | दुल्लू न.पा. ५ | |
| २ | श्री विना कार्की | उप प्रमुख | दुल्लू न.पा. ७ | |
| ३ | श्री ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री तर्क बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. १ | |
| ५ | श्री फारम सिंह थापा | वडा अध्यक्ष | दुल्लू न.पा. २ | |
| ६ | श्री कुल बहादुर कार्की | वडा अध्यक्ष | दुल्लू न.पा. ३ | |
| ७ | श्री भ्रमबहादुर भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ४ | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ५ | |
| ९ | श्री हस्त बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. ६ | |
| १० | श्री कविराज रावत | वडा अध्यक्ष | दुल्लू न.पा. ७ | |
| ११ | श्री शुशिल कुमार भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ८ | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ९ | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी | वडा अध्यक्ष | दुल्लू न.पा. १० | |
| १४ | श्री सुरेन्द्र जंग भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ११ | |
| १५ | श्री लिलाराम लम्साल | वडा अध्यक्ष | दुल्लू न.पा. १२ | |
| १६ | श्री विर्ष बहादुर शाही | वडा अध्यक्ष | दुल्लू न.पा. १३ | |
| १७ | श्री सिता नेपाली | का.पा. सदस्य | दुल्लू न.पा. १२ | |
| १८ | श्री सिता शाह | का.पा. सदस्य | दुल्लू न.पा. ७ | |
| १९ | श्री विस्ना कुमारी कुमाल वि.क. | का.पा. सदस्य | दुल्लू न.पा. १३ | |
| २० | श्री हिरा खड्का | का.पा. सदस्य | दुल्लू न.पा. ६ | |
| २१ | श्री नन्दकला बुढा | का.पा. सदस्य | दुल्लू न.पा. ३ | |
| २२ | श्री कलमे दमाई | का.पा. सदस्य | दुल्लू न.पा. १ | |
| २३ | श्री धन बहादुर सुनार | का.पा. सदस्य | दुल्लू न.पा. ११ | |
| २४ | श्री रमेश परियार | का.पा. सदस्य | दुल्लू न.पा. ८ | |

अन्य आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लू नपा | |
| २६ | श्री तुलसीप्रसाद उपाध्याय | अधिकृत छैटौं | दुल्लू नपा | |
| २७ | श्री रमेश प्रसाद उपाध्याय | कम्प्यूटर अपरेटर | दुल्लू नपा | |

मिति २०७९ साल असार २४ गतेको छैटौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

१) बेरुजु फछ्र्यौटका लागि अनुरोध गर्ने सम्बन्धमा ।

२) दुल्लू अस्पताललाई प्रदेश सरकार मातहतमा लिनका लागि अनुरोध गर्ने सम्बन्धमा ।

३) दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ र स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ संशोधन गर्ने सम्बन्धमा ।

४) सि.एल.सी., नगर शिक्षक, वाल विकास शिक्षक, विद्यालय कर्मचारी, कार्यालय सहयोगी, सरसफाई कर्मचारी, स्वास्थ्य सेवाका कर्मचारी, सामाजिक परिचालकको सेवा शर्त सम्बन्धी कार्यविधि सम्बन्धमा ।

५) रचनात्मक समाचार प्रचार प्रसार गर्ने सञ्चारकर्मीलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

६) गुठी व्यवस्थापन गर्ने सम्बन्धी नीति समावेश गर्ने सम्बन्धम ।

७) दुल्लू नगरपालिकाको सवारी साधन संचालन कार्यविधि, २०७७ संशोधन गर्ने सम्बन्धमा

८) वडा स्तरीय योजना, कार्यक्रम तथा वजेट र अन्य नीतिगत निर्णयहरु स्वीकृत गरी नगर सभामा पेशगर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१) प्रस्ताव नं. १ माथि छलफल छलफल गर्दा यस नगरपालिकाका निवर्तमान जन प्रतिनिधिहरुले प्राप्त गरेको सेवा सुविधाका विषयमा महालेखा परीक्षणको कार्यालयले अन्तिम लेखापरीक्षण गर्दा देखाईएको बेरुजु रकम फछ्र्यौटका लागि महालेखा परीक्षणको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत संचालनमा रहेको दुल्लू अस्पतालमा दैलेख जिल्लाका छिमेकी पालिकाहरु चामुण्डा विन्द्रासैनी न.पा., भैरबी गा.पा., गुराँस गा.पा., महाबु गा.पा., ठाटिकाँध गा.पा. लगायत छिमेकी जिल्ला कालिकाकोट र अछामबाट समेत सेवा ग्राहीहरु आउने गरेकोले विरामीको चाप उच्चहुने, जनसंख्याका हिसावले कर्णाली प्रदेशको दोस्रो ठुलो नगरपालिका भएको र बढ्दो शहरीकरणले गर्दा दैनिक जनघनत्व समेत बढि रहेको र नगरपालिकाको आन्तरिक स्रोत अत्यन्त न्यून रहेको तर अस्पतालले प्रदान गर्ने सेवा विशिष्टिकृत गर्दै लैजानु पर्ने अवस्था सृजना भएकाले नगरपालिकाको स्रोतबाट मात्रै अस्पताल संचालन गर्न कठिनाई भएको हुदाँ दुल्लू अस्पताललाई कर्णाली प्रदेश सरकार मातहत रहने गरी आवश्यक व्यवस्थाका लागि संघीय सरकार र सामाजिक विकास मन्त्रालय मार्फत कर्णाली प्रदेश सरकार लाई अनुरोध गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (संशोधन विधेयक,२०७९) र स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ (संशोधन विधेयक,२०७९) संशोधनका लागि सामाजिक विकास समितिका संयोजक मार्फत नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर शिक्षक, सामाजिक परिचालक, सिएलसि सहजकर्ता, वाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, कार्यालय सहयोगी, सरसफाई कर्मचारी, स्वास्थ्य सेवाका कर्मचारीको सेवा शर्त

सम्बन्धी कार्यविधि सम्वन्धित विषयगत शाखासँगको समन्वयमा तर्जुमा गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा रचनात्मक समाचार प्रचार प्रसार गर्ने सञ्चारकर्मीलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा ठुलो समस्याको रुपमा रहेको गुठी जग्गाको व्यवस्थापन गर्ने सम्बन्धी नीति यस नगरपालिकाको आगामी आ.व. २०७९/०८० को प्रस्तुत नीतिमा समावेश गर्ने निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा दुल्लू नगरपालिकाको सवारी साधन संचालन कार्यविधि, २०७७ (संशोधित कार्यविधि २०७९) संशोधनका लागि आगामी कार्यपालिकाको बैठकमा पेश गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका १३ वटै वडाबाट प्राथमिकताका साथ प्रस्तुत भएका योजना, कार्यक्रम तथा वजेट, र अन्य नीतिगत निर्णयहरु देहाय बमोजिम स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०७९ साल असार २७ गतेका दिन यस दुल्लू नगरपालिकाका नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सातौं बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

| सि.न. | पदाधिकारीहरुको नाम थर | ठेगाना | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल | नगर प्रमुख | दुल्लू न.पा. ५ | |
| २ | श्री विना कार्की | उप प्रमुख | दुल्लू न.पा. ७ | |
| ३ | श्री ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री तर्क बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. १ | |
| ५ | श्री फारम सिंह थापा | वडा अध्यक्ष | दुल्लू न.पा. २ | |
| ६ | श्री कुल बहादुर कार्की | वडा अध्यक्ष | दुल्लू न.पा. ३ | |
| ७ | श्री भ्रमबहादुर भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ४ | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ५ | |
| ९ | श्री हस्त बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. ६ | |
| १० | श्री कविराज रावत | वडा अध्यक्ष | दुल्लू न.पा. ७ | |
| ११ | श्री शुशिल कुमार भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ८ | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ९ | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी | वडा अध्यक्ष | दुल्लू न.पा. १० | |
| १४ | श्री सुरेन्द्र जंग भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ११ | |
| १५ | श्री लिलाराम लम्साल | वडा अध्यक्ष | दुल्लू न.पा. १२ | |
| १६ | श्री विर्षा बहादुर शाही | वडा अध्यक्ष | दुल्लू न.पा. १३ | |
| १७ | श्री सिता नेपाली | का.पा. सदस्य | दुल्लू न.पा. १२ | |
| १८ | श्री सिता शाह | का.पा. सदस्य | दुल्लू न.पा. ७ | |
| १९ | श्री विस्ना कुमारी कुमाल वि.क. | का.पा. सदस्य | दुल्लू न.पा. १३ | |
| २० | श्री हिरा खड्का | का.पा. सदस्य | दुल्लू न.पा. ६ | |
| २१ | श्री नन्दकला बुढा | का.पा. सदस्य | दुल्लू न.पा. ३ | |
| २२ | श्री कलमे दमाई | का.पा. सदस्य | दुल्लू न.पा. १ | |
| २३ | श्री धन बहादुर सुनार | का.पा. सदस्य | दुल्लू न.पा. ११ | |
| २४ | श्री रमेश परियार | का.पा. सदस्य | दुल्लू न.पा. ८ | |

अन्य आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लू नपा | |
| २६ | श्री तुलसीप्रसाद उपाध्याय | अधिकृत छैटौं | दुल्लू नपा | |
| २७ | श्री रमेश प्रसाद उपाध्याय | कम्प्यूटर अपरेटर | दुल्लू नपा | |

***मिति २०७९ साल असार २७ गतेको सातौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु***

**प्रस्तावहरु :**

१) नियमित मासिक बैंठकको मिति तय गर्ने सम्बन्धमा ।

२) विभिन्न कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

३) बाँकेगैरा, शान्तिवजार बारतडी सडकको प्राविधिक इष्टिमेट परिबर्तन गर्ने सम्बन्धमा ।

४) विद्युत प्राधिकरणको वजेट केन्द्र कार्यालय दुल्लू स्थापना गर्ने सम्बन्धमा ।

५) खाद्य संस्थानको दुल्लू डिपो स्थापना गर्ने सम्बन्धमा ।

६) विद्युतका पोल, ट्रान्सफर्मर, तार माग गर्ने सम्बन्धमा ।

७) स्वास्थ्य सामाग्री माग गर्ने सम्बन्धमा ।

८) सेवा निवृत्त का.स. श्री भिमदत्त आचार्यलाई सुविधा प्रदान गर्ने सम्बन्धमा ।

९) स्वास्थ्य चौकी भवन निर्माणका लागि माग गर्ने सम्बन्धमा ।

१०) बाढि पहिरो नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग प्रविधि सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यपालिका बैठक हरेक महिनाको ११ र २६ गते र सो दिनमा सार्वजनिक विदा भएमा सो दिनको भोलिपल्ट नियमित रुपमा बस्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको कार्य सम्पादनलाई सहज, प्रभावकारी र जनमुखि बनाउनका लागि स्थानीय सरकार संचालन ऐनले दिईएको प्रायेग गरि निम्नानुसारका कार्यविधि, स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१) जनतासंग नगर प्रमुख कार्यक्रम (संचालन) कार्यविधि, २०७९

२) जनतासंग नगर उप प्रमुख कार्यक्रम (संचालन) कार्यविधि, २०७९

३) गर्भबति प्रसुति महिलालाई एम्बुलेन्स सुविधा निशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

४) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई यातायात खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

५) अस्थायी अध्यापन अनुमति पत्र व्यवस्थापन कार्यविधि, २०७९

६) पञ्चकोशी वहु प्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रबृत्ति कार्यक्रम (संचालन) कार्यविधि, २०७९ व तयार गरी सामाजिक विकास समिति मार्फत आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा बाँकेगैरा, शान्तिवजार बारतडी सडक सडक बोर्ड नेपालको अनुदा नगरपालिकाको साझेदारी र उपभोक्ताहरुको जनसहभागीता समेतबाट मिति २०७९/३/५ गते उपभोत

समितिसंग सम्झौता भई कार्य संचालन भई रहेकोमा सो लाई अनुमोदन गर्ने र उक्त सडक निर्माण कार्यका लागि तयार भएको प्राविधिक लागत अनुमानमा भएको त्रुटिका कारण देहाय अनुसार लागत अनुमानमा परिमार्जन गरी तत्काल कार्य प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

क) आ.व. २०७८/०७९ को जिल्ला दररेटका आधारमा Re-Estimate गर्ने ।

ख) लुज सोयलको लागत अनुमान गरिएकोमा रोलिङ्ग सहितको ग्राबेल विछ्याउने कार्य गर्ने ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरणको वजेट (केन्द्र) कार्यालय दुल्लूमा स्थापनाका लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र दैलेख र नेपाल विद्युत प्राधिकरण दरबारमार्ग काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा विगत १० बर्षे द्वन्द्व काल पूर्व साविक दुल्लू गाविसमा रहेको नेपाल खाध्य संस्थानको डिपो कार्यालय रहेकोमा द्वन्द्वकै क्रममा विस्थापित भई जिल्ला सदरमुकाममा मात्र केन्द्रित रहेको, नगरपालिका क्षेत्रमा सरक्षा निकाय लगायत अन्य विभिन्न सरकारी कार्यालयहरु बिध्यमान रहेको, सुख्खा खडेरीका कारण खाध्यान्नको अप्रयाप्तता हुने गरेको र यस नगरपालिका लगायत आस-पासका पालिकाहरु समेत लाभान्वित हुने उक्त डिपो स्थापना गर्दा बहु संख्यक जनतालाई लाभ पुग्ने भएकाले उक्त खाध्य डिपो पुन:स्थापनाका लागि नेपाल खाध्य संस्थानलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा भौगोलिक रुपमा विकट र जनसाख्यीक रुपमा कर्णाली प्रदेशकै दोस्रो ठुलो यस नगरपालिकाका अधिकांस वडामा अझै विद्युतीकरण कार्य हुन नसकेकोले देहाय अनुसारको विवरणका आधारमा आवश्यक पर्ने विद्युतपोल, तार र ट्रासफर्मर लगायतका सामाग्रीहरु उपलब्ध गराईदिन हुन नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडा नम्बर | पोल | तार | ट्रान्सफर्मर |
|---|---|---|---|---|
| १ | १ | १५० थान | २२५०० मि. | २ थान |
| २ | २ | ५०० थान | ७५००० मि. | ५ थान |
| ३ | ३ | ५०० थान | ७५००० मि. | ४ थान |
| ४ | ४ | २०० थान | ९०००० मि. | २ थान |
| ५ | ५ | २०० थान | ३०००० मि. | २ थान |
| ६ | ६ | ६०० थान | ९०००० मि. | ४ थान |
| ७ | ७ | १०० थान | १५००० मि. | १ थान |
| ८ | ८ | १५० थान | २२५०० मि. | २ थान |
| ९ | ९ | ७०० थान | १०५००० मि. | ३ थान |
| १० | १० | २०० थान | ३०००० मि. | ३ थान |
| ११ | ११ | १०० थान | १५००० मि. | ५ थान |
| १२ | १२ | २०० थान | ३०००० मि. | ३ थान |
| १३ | १३ | १००० थान | १५०००० मि. | ६ थान |

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत संचालन भई रहेको दुल्लू अस्पतालमा सेवा विस्तार तथा सुदृढिकरणगर्न आवश्यक उपकरणको अभाव भएकाले सो अस्पतालको माग बमोजिमको सामाग्रीहरु उपलब्ध गराईदिन हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ काठमाडौं र स्वास्थ्य सेवा विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ८ मा अस्थायी/करार सेवामा कार्यालय सहयोगीको रुपमा कामकाज गर्दै आएका कार्यालय सहयोगी (श्रेणी विहिन) श्री भिमदत्त आचार्य ५८ बर्ष उमेर हदका कारण मिति २०७८ पौष गते देखि सेवा निवृत्त हुनु भएको, त्यस्तो प्रकृतिका कर्मचारीहरुलाई विगतमा जनहि १/१ लाखका दरले सुविधा दिने गरिएकोमा हाल भएको महङ्गी र निजको सेवा अबधि समेतलाई विचार गरी एकमुष्ठ रु २०००००।०० (दुई लाख) सुविधा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तरगतका निम्न स्वास्थ्य संस्थाहरुको भवन जिर्ण अबस्थामा रहेकाले गुणस्तरीय सेवा प्रदान गर्न कठिनाई भई रहेको हुदाँ उक्त स्वास्थ्य संस्थाका न्यूनतम सुविधा युक्त भवन निर्माणका लागि आवश्यक वजेट व्यवस्था गरिदिनुहुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

क) नाउलेकटुवाल स्वास्थ्य चौकी दुल्लू न.पा. २ दैलेख
ख) जैसीबाडा स्वास्थ्य केन्द्र दुल्लू न.पा. ८ दैलेख
ग) गौरी स्वास्थ्य चौकी दुल्लू न.पा. १२ दैलेख
घ) गमौडी स्वास्थ्य चौकी दुल्लू न.पा. १० दैलेख
ङ) कालभैरब स्वास्थ्य चौकी दुल्लू न.पा. ११ दैलेख
च) बर्थिङ्गसेन्टर भवन निर्माण दुल्लू न.पा. ७ दैलेख
छ) पादुका स्वास्थ्य चौकी दुल्लू न.पा. ९ दैलेख
ज) शहरी स्वास्थ्य केन्द्र सियाला दुल्लू न.पा. ३ दैलेख

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको बाढि पहिरो नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग प्रविधि मार्फत रोकथामका उपायहरु अवलम्बन गर्ने र विपद् व्यवस्थापन कोषको रकमबाट आवश्यक सामाग्री खरिद गरी नगरपालिकाकाले उपलब्ध गराउने र काम सम्बन्धित घरधनी/संस्थाले गर्ने निर्णय गरियो ।

आज मिति २०७९ साल श्रावण २६ गतेका दिन यस दुल्लू नगरपालिकाका नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ~~[illegible]~~ आठौं बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

| सि.न. | पदाधिकारीहरुको नाम थर | ठेगाना | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल | नगर प्रमुख | दुल्लू नगरपालिका | |
| २ | श्री विना कार्की | उप प्रमुख | दुल्लू नगरपालिका | |
| ३ | श्री ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | दुल्लू नगरपालिका | |
| ४ | श्री तर्क बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. १ | |
| ५ | श्री फारम सिंह थापा | वडा अध्यक्ष | दुल्लू न.पा. २ | |
| ६ | श्री कुल बहादुर कार्की | वडा अध्यक्ष | दुल्लू न.पा. ३ | |
| ७ | श्री भ्रमबहादुर भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ४ | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ५ | |
| ९ | श्री हस्त बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. ६ | |
| १० | श्री कविराज रावत | वडा अध्यक्ष | दुल्लू न.पा. ७ | |
| ११ | श्री शुशिल कुमार भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ८ | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ९ | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी | वडा अध्यक्ष | दुल्लू न.पा. १० | |
| १४ | श्री सुरेन्द्र जंग भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ११ | |
| १५ | श्री लिलाराम लम्साल | वडा अध्यक्ष | दुल्लू न.पा. १२ | |
| १६ | श्री विर्ख बहादुर शाही | वडा अध्यक्ष | दुल्लू न.पा. १३ | |
| १७ | श्री सिता नेपाली | का.पा. सदस्य | दुल्लू न.पा. १२ | |
| १८ | श्री सिता शाह | का.पा. सदस्य | दुल्लू न.पा. ७ | |
| १९ | श्री विस्ना कुमारी कुमाल वि.क. | का.पा. सदस्य | दुल्लू न.पा. १३ | |
| २० | श्री हिरा खड्का | का.पा. सदस्य | दुल्लू न.पा. ६ | |
| २१ | श्री नन्दकला बुढा | का.पा. सदस्य | दुल्लू न.पा. ३ | |
| २२ | श्री कलमे दमाई | का.पा. सदस्य | दुल्लू न.पा. १ | |
| २३ | श्री धन बहादुर सुनार | का.पा. सदस्य | दुल्लू न.पा. ११ | |
| २४ | श्री रमेश परियार | का.पा. सदस्य | दुल्लू न.पा. ८ | |

अन्य आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| १ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लू नपा | |
| २ | श्री तुलसीप्रसाद उपाध्याय | अधिकृत छैटौं | दुल्लू नपा | |
| ३ | श्री समशेर बहादुर शाही | अधिकृत छैटौं | दुल्लू नपा | |
| ४ | श्री विकासजंग शाही | शिक्षा अधिकृत छैटौं | दुल्लू नपा | |

*मिति २०७९ साल श्रावण २६ गतेको आठौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु*

प्रस्तावहरु :

१) वालमैत्री वडा घोषणा सम्बन्धमा ।

२) मुख्य सडक मर्मत सुधार सम्बन्धमा ।

३) नपाको डोजर मर्मत खर्च तथा मोटरसाईकल मर्मत र ईन्धन खर्च भुक्तानी सम्बन्धमा ।

४) नपाबाट विद्यूत पोल ढुवानी भाडा भुक्तानी सम्बन्धमा ।

५) नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।

६) मा.वि.तहका विज्ञान,गणित र अँग्रेजी विषयका शिक्षक/प्रशिक्षक छनौट गरी पठाईदिन काठमाण्डौ.विश्वविद्यालयलाई अनुरोध गरी पठाउने सम्बन्धमा ।

७) दुल्लू अस्पतालका डाक्टरहरुको हाजिर तथा अन्य व्यवस्थापन सम्बन्धमा ।

८) दुल्लू अस्पताल मर्मत सुधार,अप्रेशन थियटरका लागि सामग्री व्यवसथापन र विद्यूतीकरणका लागि कर्णाली प्रदेश सरकार, माननीय मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा ।

९) रोजगार संयोजक र प्रा.स.को पुनः ७ दिने सूचना प्रकाशन सम्बन्धमा ।

१०) श्री ने. रा.मा.वि.कीर्तिखम्बको पुरानो भवन भवन भत्काउन अनुमति दिने सम्बन्धमा ।

११) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

१२) आपत्कालिन सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा ।

१३) ने. रा. मा.वि. कीर्तिखम्बको भवन निर्माणका लागि लागत साझेदारी रकम व्यहोर्ने सम्बन्धमा ।

१४) कोरोनाको बुष्टर डोज लगाउने क्रममा निधन भएका दुल्लू नपा ६ निवासी स्व. झाउडो घर्तिको श्रीमती रंग घर्तिलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

१५) सडकका दायाँ बायाँ राखिएका निर्माण सामग्री र अन्य फोहोजन्य सामानहरु हटाउने सम्बन्धमा ।

१६) चालु आ.ब.२०७९/८० को बार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा न्यूनतम् सुचकांक पुरा गरेका आधारमा यस दुल्लू नगरपालिकाको वडा नं. ४ लाई मिति २०७९/०५/०२ गते वालमैत्री वडा घोषणा गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडक मर्मत सुधार सम्बन्धमा यस नगरपालिका अन्तर्गतका प्रदेश राजधानी जोड्ने,जिल्ला सदरमुकाम जोडने,सबै वडा केन्द्र जोड्ने महत्वपूर्ण सडकहरु बर्षायामको अन्त्यसँगै आगामी चाडपर्व समेतलाई मध्येनजर गरी मर्मत सुधार गरी यातायातको सहज पहुँच बनाउने र उक्त खर्च मर्मत संभार कोषबाट खर्च गर्ने नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा नपाको डोजर मर्मत गर्दा रु. ६ लाखको लागत अनुमान तयार भएकाले उक्त रकम मर्मत संभार कोषबाट व्यहोर्ने तथा मोटरसाईकल मर्मत र ईन्धन खर्च भुक्तानी गर्दा देहाय अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

१) मोटर साईकल मर्मतका लागि औचित्यता हेरी वडाको हकमा बार्षिक बढीमा रु.२५,०००/सम्म नपाले व्यहोर्ने र सो भन्दा बढी रकम खर्च भएमा सम्बन्धित पदाधिकारीले स्वयम् मर्मत खर्च व्यहोर्ने । मर्मत गर्दा लागत खर्च किफायती हुने गरी नपाका टेक्निसियन मार्फत लागत अनुमान तयार गरी निजबाटै मर्मत गर्ने व्यवस्था मिलाउने ।

२) ईन्धन खर्च कार्यविधिले तोकिए अनुसारका पदाधिकारी तथता कर्मचारीलाई तोकिए वमोजिम मासिक रुपमा उपलब्ध गराउने ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट गत आ.ब.मा प्राप्त भएका विद्यूत पोलहरु नगरपालिकाको केन्द्रबाट सम्बन्धित वडामा ३४/३४ वटाका दरले ढुवानी गर्दा लागेको खर्च चालु आ.ब.मा स्वीकृत उपयुक्त शीर्षकबाट सम्बन्धित ढुवानीकर्तालाई चालु आ.ब.को जिल्ला दररेट र यस नगरपालिकाको मापदड अनुसार भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. र स्थान | जम्मा ट्रिप | कैफियत |
|---|---|---|---|
| १ | १ देउतीचौर | २ | |
| २ | २ वडापोखरा | २ | |
| ३ | ३ सिमलतोली | १ | |
| ४ | ४ वगौराडाँडा | १ | |
| ५ | ५ रातिमाटा | १ | |
| ६ | ६ सूर्यचोक | २ | |
| ७ | ७ कीर्तिखम्व | २ | |
| ८ | ८ जिमुवालडाँडा | २ | नपाको ट्रक प्रयोग भएकोले दिन नपर्ने |
| ९ | ९ घैरेनी | २ | |
| १० | १० राउसेडाँडा | २ | |
| ११ | ११ तोराया | ३ | |
| १२ | १२ लम्सु | ३ | |
| १३ | १३ हाडेआवत | ३ | |

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ को मसयौदा माथि आबश्यक छलफल गरी थप परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा मा.वि.तहका विज्ञान,गणित र अँग्रेजी विषयका शिक्षक/प्रशिक्षक छनौट गरी पठाईदिन काठमाण्डौ विश्वविद्यालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा दुल्लू अस्पतालमा खटिई आउनु भएका डा. मनोज विश्वकर्मा र डा.आशिषा माक लाई अस्पतालमा हाजिर गराउने,निजहरुलाई न्यूनतम् सेवा सुबिधा नपाबाट उपलब्ध गराउने र कामकाजका लागि अस्पताल प्रशासनले आबश्यकता अनुसार सम्बन्धित चिकित्सकसँग कार्य सम्पादन सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा दुल्लू अस्पताल मर्मत सुधार,अप्रेशन थियटर निर्माण,औषधि र उपकरण खरिदका लागि र १३ वटै वडामा विद्युतीकरणका लागि आबश्यक रकम उपलब्ध गराईदिन कर्णाली प्रदेश सरकार, माननीय मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

र्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम समेत हेर्ने गरी रोजगार संयोजक र प्राविधिक सहायक नियुक्तिका लागि यसपूर्वका आ.ब.मा दरखास्त संकलन भएको तर अन्य प्रकृया बाँकी नै रहेकाले उक्त दुबै पदमा पहिले पेश भएका दरखास्तहरुलाई समेत कायमै राखी पुन. ७ दिने सूचना प्रकाशन गरी थप दरखास्त आव्हान गर्ने र सो पश्चात् अन्य प्रकृया तत्काल अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा श्री ने.रा.मा.वि.कीर्तिखम्बको प.सं.२०७९/८० च.नं.०८ र मिति २०७९/०४/२२ को पत्रानुसार १० कोठे ३ वटा भवनका जीर्ण भएको पुरानो भवन प्राविधिकको राय अनुसार भत्काउने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि विभिन्न विद्यालयबाट यस नगरपालिकामा प्राप्त भएका सबै प्रस्तावहरु प्राथमिकताकासाथ शिक्षा विकास तथा समन्वय इकाई दैलेखमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकामा आपत्कालिन सिकाई केन्द्र सानो भवनको पुरानो हलमा स्थापना गर्ने र सो सिकाई केन्द्रमा वडा नं. १ देखि ५ सम्मका समुह सदस्यहरुलाई प्रत्येक महिनाको १५ गते अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा अम हङ्ग गील ह्यूमन फाउण्डेशनको आर्थिक सहयोग र यस नगरपालिकाको लागत साझेदारीमा ने.रा.मा.वि. कीर्तिखम्बको भवन निर्माणका लागि पेश भएको प्रस्ताव स्वीकृत भएको र सो १८ कोठे भवन निर्माणका लागि लागि कुल लागत अनुमानको २० प्रतिशत लागत रकम नपाले व्यहोर्नु पर्ने भएकाले उक्त लागत साझेदारी रकम व्यहोर्ने गरी सम्झौता प्रकृया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा कोरोनाको बुष्टर डोज लगाउने क्रममा निधन भएका दुल्लू नपा ६ निवासी स्व. झाउडो घर्तिको श्रीमती रंग घर्तिलाई रु.२५ हजार आर्थिक सहयोग उपलब्ध गराउने र त्यस्तो विपद्‌बाट निधन भएका अन्य नागरिकका आश्रित परिवारका सदस्यलाई समेत सोही अनुसार काजकिरीया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि छलफल गर्दा दुल्लू नगरपालिका क्षेत्रभित्रका सडकहरुका दायाँ बायाँ किनारामा विभिन्न निर्माण व्यावसायी र घरधनीहरुले राखेका विभिन्न निर्माण सामग्रीहरु र अन्य फोहोजन्य सामानहरु सडकमा थुपार्दा शहरी सौन्दर्यता र जनस्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै सवारी दूर्घटना समेत हुनजाने कुरालाई मध्येनजर गरी तत्काल सम्बन्धित व्यक्ति वा संस्थाहरुबाट उक्त सामग्री हटाउन लगाउन नगरपालिकाले सुरक्षा निकाय, नगर उद्योग वाणिज्य संघ समेतको पहलमा आबश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

नर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा चालु आ.ब.२०७९/८० को बार्षिक कार्ययोजना देहाय अनुसार स्वीकृत गर्ने गरियो।

दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू दैलेख

## आ.व. २०७९/०८० को बार्षिक कार्ययोजना

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १ | चालु वर्षमा नगर कार्यपालिकाबाट नगर कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने | २०७९ साल श्रावण ७ गतेभित्र | — | — | नगर प्रमुख | अख्तियारी पत्र | |
| २ | चालु वर्षमा नगर कार्यपालिकाको कार्यालयबाट वडा र विषयगत शाखालाई अख्तियारी प्रदान गर्ने | २०७९ साल श्रावण २२ गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | अख्तियारी पत्र | |
| ३ | खरिद योजना अनुमोदन | | | | | | |
| | क) वस्तु, सेवा तथा निर्माण कार्यको खरिद योजना अनुमोदन | २०७९ भाद्र १५ गते सम्म | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको | |
| | ख) खरिद सूचना | २०७९असोज मसान्त | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | सूचना प्रकाशित गरेको | |
| ४ | उपभोक्ता, आपूर्तिकर्ता तथा निर्माण व्यावसायिहरुबाट काम गराउने योजना तथा कार्यक्रमको छनौट गर्ने | २०७९ साल भाद्र मसान्तभित्र | | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | निर्णयहरु | |
| ५ | योजना खाता छपाई गर्ने | २०७९ साल भाद्र १५ गतेभित्र | — | — | शाखा प्रमुख | योजना खाताको नमुना | |
| ६ | गत वर्षको बार्षिक प्रगति समिक्षा | २०७९ साल भाद्र १५ गतेभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| ७ | बार्षिक योजना किताव प्रकाशन गर्ने | २०७९ साल असोज मसान्तभित्र | — | — | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | बार्षिक योजना कितावको नमुना | |
| ८ | योजनाहरुको लागत अनुमान तयार गर्ने | २०७९ साल भाद्र १ देखि शुरु | निरन्तर | २०७९ साल चैत्र १५ गते सम्म | ईन्जिनीयर | स्वीकृत योजनाहरुको लागत अनुमान तयार भएको हुने | |

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| ९ | दरभाउपत्र /बोलपत्र प्रकाशन गर्ने | २०७९ साल भाद्र १५ देखि शुरु | २०७९ साल मार्ग मसान्तसम्म | | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | निर्णय/सूचना प्रकाशन | आवश्यकता अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १० | उपभोक्ता समिति गठन गर्ने | २०७९ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०७९ साल चैत्र १५ गते सम्म | वडा सचिव सहित वडा समिति | योजना खातामा उपभोक्ता समिति निर्माण भएको देखिनु पर्ने | |
| ११ | योजना सम्झौता गर्ने | २०७९ साल भाद्र १५ देखि शुरु | निरन्तर | २०७९ साल चैत्र मसान्तसम्म मात्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | योजना खातामा उपभोक्ता समिति सँग योजना सम्झौता भएको अभिलेख | |
| १२ | उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने | २०७९ साल असोज १५ देखि ३० गतेसम्म | २०७९साल मार्ग १५ देखि ३० गतेसम्म | २०७९ साल चैत्र १५ गते सम्म | शाखा प्रमुख | अभिमुखीकरणका विषयवस्तु/सहभागीरुको हाजिरी | |
| १३ | प्रगति प्रतिवेदन तयार गर्ने | २०७९ मसीर महिनाको पहिलो हप्ता | २०७९ चैत्र महिनाको पहिलो हप्ता | २०८० सालको श्रावण महिनाको पहिलो हप्ता | शाखा प्रमुखहरु/प्रमुख प्रशासकीय अधिकृत | प्रगति प्रतिवेदन / दुनपाको वेवसाईट | |
| १४ | प्रगति समिक्षा गर्ने | २०७९ मंसीर महिनाको पहिलो हप्ता | २०७९ चैत्र महिनाको पहिलो हप्ता | २०८०/०८१ को पहिलो चौमासिक | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार/बैठक पुस्तिका/फोटोहरु | |
| १५ | सार्वजनिक सुनुवाई गर्ने | २०७९ कार्तिक अन्तिम हप्ता | २०७९ फागुन अन्तिम हप्ता | २०८० असार अन्तिम हप्ता | नगर प्रमुख/नगर उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष ज्युहरु र विषयगत शाखा प्रमुखहरु | पत्राचार/उपस्थिति तथा जाहेर प्रतिबद्धता /फोटोहरु | |

| क्र.सं. | सम्पादन गर्नुपर्ने क्रियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| १६ | योजना अनुगमन तथा सुपरीवेक्षण गर्ने र प्रतिवेदन तयार गर्ने । | २०७९ कार्तिक दोस्रो हप्ता | २०७९ फागुन दोस्रो हप्ता | २०८० जेठ मसान्त भित्र | नगर उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख र नगर स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यहरु | अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य योजना/अनुगमन प्रतिवेदन/ फोटोहरु | अवश्यकता अनुसार अन्य समयमा पनि हुन सक्ने । |
| १७ | स्थानीय राजश्व सम्बन्धी परामर्श सहितको सुझाव नगर कार्यपालिकामा पेश गर्ने | — | मिति २०७९ पुष १५ भित्र | — | नगर उपप्रमख / स्थानीय राजश्व परामर्श समिति | समितिको बैठक पुस्तिका | |
| १८ | आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने | — | मिति २०७९ पुष मसान्त भित्र | — | राजश्व शाखा /नगर उपप्रमख / स्थानीय राजश्व परामर्श समिति | पत्राचार गरेको प्रमाण | |
| १९ | बार्हौं नगर सभा सञ्चालनका लागि पत्राचार गर्ने | — | मिति २०७९ पुष १५ भित्र | — | नगर प्रमुख | पत्राचार गरेको प्रमाण | |
| २० | बार्हौं नगर सभा सञ्चालन गर्ने | — | मिति २०७९ पुष १५ देखि ३० गतेभित्र | — | नगर प्रमुख सहित नगर कार्यपलिका | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| २१ | संघ र प्रदेशबाट बजेट सीमा प्राप्त गर्ने | | — | मिति २०७९ चैत्र महिना भित्र | नगर प्रमुख सहित नगर कार्यपलिका | पत्राचार गरेको प्रमाण | |
| २२ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने | — | — | मिति २०८० वैशाख १० गतेभित्र | नगर प्रमुख / श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | समितिको बैठक पुस्तिका | |
| २३ | नगर कार्यपालिकाको कार्यालयबाट विषयगत शाखा र वडा समितिलाई बजेट सिलिंग तथा मार्गदर्शन पठाउने | — | — | २०८० वैशाख १५ भित्र | शाखा प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २४ | टोल/वस्ती भेलाबाट योजना छनौट | — | — | २०८० साल वैशाख मसान्तभित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |

| सं. | सम्पादन गर्नुपर्ने कियाकलाप | समयावधि | | | मुख्य जिम्मेवार व्यक्ति/शाखा/समितिहरु | कार्य सम्पादन सुचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | | |
| २५ | वडा भेलाबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी नगर कार्यपालिकामा पठाउने | – | – | २०८० साल जेठ १५ भित्र | वडा अध्यक्ष / वडा समिति | सूचना /उपस्थिति/निर्णय पुस्तिका | |
| २६ | विषयगत समितिहरुको बैठक सञ्चालन गर्ने | – | – | २०८० साल जेष्ठ १५ देखि ३० गतेभित्र | विषयगत समितिका सयोजक ज्यूहरु | उपस्थिति/बैठक पुस्तिका | |
| २७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सञ्चालन गर्ने | – | – | २०७९ साल आषाढ ०५गतेभित्र | नगर उप प्रमुख/बजेट तथा कार्यक्रम तर्जुमा समिति | उपस्थिति/बैठक पुस्तिका | |
| २८ | तेह्रौं नगर सभाका लागि पत्राचार गर्ने | – | – | २०८०/२/२८ भित्र | नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत | पत्राचार गरेको प्रमाण | |
| २९ | नगर कार्यपालिकाको बैठकबाट नपाको २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट स्वीकृत गर्ने | – | – | २०८० साल असार १ देखि ५ गतेभित्र | नगर कार्यपालिका | उपस्थिति/बैठक पुस्तिका | |
| ३० | नगर सभामा २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट पेश गर्ने | – | – | २०८० साल असार १० | नगर उपप्रमुख | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| ३१ | प्रस्तुत नीति कार्यक्रम तथा बजेटमाथि सभामा छलफल गर्ने तथा थपघट गर्न आवश्यक भए सुझाव सहित कार्यपालिकामा पठाउने | – | – | २०८०साल असार ११ देखि १२ गतेसम्म | नगर उपप्रमुख | उपस्थिति/बैठक पुस्तिका | |
| ३२ | नगर सभाबाट प्राप्त सुझाव उपर नगर कार्यपालिकामा छलफल तथा अवश्यक निर्णय गरी वा नगरी २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट नगर सभामा पठाउने | – | | २०८० साल असार १३ देखि २२ गतेसम्म | नगर उपप्रमुख | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |
| ३३ | उप प्रमुखद्वारा नगर सभामा प्रस्तुत २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट स्वीकृतिका लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने/ नगर सभाबाट स्वीकृति प्राप्त गर्ने | – | – | २०८० साल असार २३ देखि ३० गतेसम्म | नगर प्रमुख/नगर उपप्रमुख | उपस्थिति/बैठक पुस्तिका/फोटोहरु | |

आज मिति २०७९ साल भाद्र २१ गतेका दिन यस दुल्लू नगरपालिकाका नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नवौं बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

| सि.न. | पदाधिकारीहरुको नाम थर | ठेगाना | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल | नगर प्रमुख | दुल्लू नगरपालिका | |
| २ | श्री विना कार्की | उप प्रमुख | दुल्लू नगरपालिका | |
| ३ | श्री ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | दुल्लू नगरपालिका | |
| ४ | श्री तर्क बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. १ | |
| ५ | श्री फारम सिंह थापा | वडा अध्यक्ष | दुल्लू न.पा. २ | |
| ६ | श्री कुल बहादुर कार्की | वडा अध्यक्ष | दुल्लू न.पा. ३ | |
| ७ | श्री भ्रमबहादुर भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ४ | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ५ | |
| ९ | श्री हस्त बहादुर खड्का | वडा अध्यक्ष | दुल्लू न.पा. ६ | |
| १० | श्री कविराज रावत | वडा अध्यक्ष | दुल्लू न.पा. ७ | |
| ११ | श्री शुशिल कुमार भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ८ | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय | वडा अध्यक्ष | दुल्लू न.पा. ९ | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी | वडा अध्यक्ष | दुल्लू न.पा. १० | |
| १४ | श्री सुरेन्द्र जंग भण्डारी | वडा अध्यक्ष | दुल्लू न.पा. ११ | |
| १५ | श्री लिलाराम लम्साल | वडा अध्यक्ष | दुल्लू न.पा. १२ | |
| १६ | श्री विर्ष बहादुर शाही | वडा अध्यक्ष | दुल्लू न.पा. १३ | |
| १७ | श्री सिता नेपाली | का.पा. सदस्य | दुल्लू न.पा. १२ | सीता |
| १८ | श्री सिता शाह | का.पा. सदस्य | दुल्लू न.पा. ७ | |
| १९ | श्री विस्ना कुमारी कुमाल वि.क. | का.पा. सदस्य | दुल्लू न.पा. १३ | |
| २० | श्री हिरा खड्का | का.पा. सदस्य | दुल्लू न.पा. ६ | |
| २१ | श्री नन्दकला बुढा | का.पा. सदस्य | दुल्लू न.पा. ३ | नन्दकला |
| २२ | श्री कलमे दमाई | का.पा. सदस्य | दुल्लू न.पा. १ | |
| २३ | श्री धन बहादुर सुनार | का.पा. सदस्य | दुल्लू न.पा. ११ | |
| २४ | श्री रमेश परियार | का.पा. सदस्य | दुल्लू न.पा. ८ | |

अन्य आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| १ | श्री तिलक वि.क. | प्रशासकीय अधिकृत | दुल्लू नपा | |
| २ | श्री तुलसीप्रसाद उपाध्याय | अधिकृत छैटौं | दुल्लू नपा | |
| ३ | श्री विकासजंग शाही | शिक्षा अधिकृत ईट. | -॥- | |
| ४ | रमेश प्रसाद उपाध्याय | क.अ. | -॥- | |

*मिति २०७९ साल भाद्र २१ गतेको नवौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु*

**प्रस्तावहरु :**

१) डोजर खरिद सम्बन्धमा ।

२) स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

३) विभिन्न कार्यविधि, योजना स्वीकृत गर्ने सम्बन्धमा ।

४) विद्यालय कर्मचारी, विद्यालय सहयोगी कार्यकर्ता र वाल विकास सहजकर्ताको तलव स्केल निर्धारण र भुक्तानी गर्ने सम्बन्धमा।

५) ठेक्का पट्टा गर्ने सम्बन्धमा ।

६) उपभोक्ता समिति गठन सम्बन्धमा ।

७) नगरपालिकाको नयाँ भवन र सभा हल पार्टीशन गर्ने र मर्मत गर्ने सम्बन्धमा ।

८) विश्व खाद्य कार्यक्रम (WFP) अन्तर्गत प्राप्त अनुदानबाट सञ्चालन हुने योजना स्वीकृत गर्ने सम्बन्धमा ।

९) दुल्लू न पा वडा नं. ६ मा वडा कार्यालयका सामाजिक परिचालक, छिउडीपुसाकोट स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरमा अ.न.मी. र रातिमाटा शहरी स्वास्थ्य केन्द्रमा रिक्त अ.हे.व. पद पूर्ति सम्बन्धमा ।

१०) गुठी व्यवस्थापन सम्बन्धमा ।

११) निर्माणाधिन गाईखुरे लिफ्ट खानेपानी योजनाको ठेक्का रकम भुक्तानी र योजना सम्पन्न गर्ने सम्बन्धमा ।

१२) श्री नरेश्वर उद्यमशील विद्यालयको भवन निर्माणका लागि ठेक्का गर्ने सम्बन्धमा ।

१३) ढुंगा गिट्टी वालुवा उत्खनन्, ओसार पसार तथा विक्री वितरणका लागि ठेक्का आव्हान गर्ने सम्बन्धमा ।

१४) एक पालिका एक भेटेरीनरी डाक्टर र कृषि स्नातक (कृषि अधिकृत) करारमा नियूक्ती गर्ने सम्बन्धमा ।

१५) चालु आ.ब.२०७९/८० को सशर्त अनुदान अन्तर्गतका कार्यक्रम कार्यान्वियन सम्बन्धमा ।

१६) रात्रिकालीन पाले पहरेको काम गरे वापत् सुविधा सम्बन्धमा ।

१७) मृगौला प्रत्यारोपण गरेका,डाईलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार लाभग्राहीहरुको नामावली संकलनका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

१८) वडा नं. २ का वडा अध्यक्ष श्री फारमसिंह थापाको श्रीमती पार्वती थापालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

१९) वन्यजन्तु बँदेलको आतंक नियन्त्रण तथा क्षतिपूर्ति सम्बन्धमा ।

२०) स्मार्ट सिटी अन्तर्गतको योजना कार्यान्वियन सम्बन्धमा ।

२१) शैक्षिक गुणस्तर अन्तरगतका शिक्षकको पारीश्रमीक सम्बन्धमा ।

२२) झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।

२३) वडा केन्द्रको नाम परिवर्तन सम्बन्धमा ।

२४) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२५) खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी विधेयक तयारी समिति गठन सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकामा यसपूर्व क्यास कम्पनिको व्याक हो लोडर खरिद गरी सञ्चालनमा रहेकोमा उक्त ईक्वीप्मेण्टको कमजोर कार्य क्षमता,मर्मत गर्दा पार्टपूर्जाहरुको अप्राप्तता जस्ता कारणबाट सार्वजनिक निर्माण तथा सुधार कार्यमा अपेक्षाकृत उपलब्धि हासिल हुन नसक्ने भएकाले बजारमा उपलब्ध बढी क्षमतायूक्त डोजर खरिदका लागि आबश्यक प्रकृया पुरा गरी खरिद कार्य अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समितिले चालु आ.ब.२०७९/०८० का लागि स्वीकृत दररेटका आधारमा स्थानीय आबश्यकता र औचित्यता समेतलाई मध्यनजर गरी सम्बन्धित प्राविधिकको परामर्श र राय सुझावका आधारमा तयार गरी  बैठकमा पेश गरिएको परिमार्जित स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा दुल्लू नगर कार्यपालिकाको कार्यालयको कामकाजलाई व्यवस्थित बनाउन देहाय अनुसारका योजना,कार्यविधि ,मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क) दुल्लू नगरपालिकाको विपद् जोखिम न्यूनीकरण रणनैतिक योजना, २०७९
ख) पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा नगर प्रमुख छात्रवृत्ति कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९
३) दुल्लू नगरपालिकाको हेभी इक्यूप्मेन्ट संचालन सम्वन्धी कार्यविधि, २०७९
४) दुल्लू नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७९

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा विद्यालय कर्मचारी,विद्यालय सहयोगी कार्यकर्ता र वाल विकास सहजकर्ताको मासिक पारिश्रमिक देहाय अनुसार निर्धारण गर्ने र सामुदायिक सिकाई केन्द्रका सहजकर्ताको हकमा २०७९ श्रावण १ गते देखि र अन्यको हकमा मिति २०७८ साल माघ १ गतेदेखि निम्नानुसार भुक्तानी गर्ने निर्णय ।

तपसिल

| क्र.स. | विवरण | आ.व.२०७८/७९ का लागि कायम गर्ने तलब स्केल (मासिक) | | | आ.व.२०७९/८० का लागि कायम गर्ने तलब स्केल (मासिक) | | |
|---|---|---|---|---|---|---|---|
| | | कायम गर्ने तलब स्केल | संघीय सरकारको अनुदान | न.पा. को अनुदान | कायम गर्ने तलब स्केल | संघीय सरकारको अनुदान | न.पा. को अनुदान |
| १ | विद्यालय कर्मचारी (लेखा) | १८००० | १३५०० | ४५०० | १८००० | १३५०० | ४५०० |
| २ | वाल विकास शिक्षक (स.का.) | १५५०० | ८००० | ७५०० | १५५०० | १०००० | ५५०० |
| ३ | विद्यालय सहयोगी कर्मचारी | १५००० | ८००० | ७००० | १५००० | ८००० | ७००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक सिकाई केन्द्रका परिचालक | – | – | – | १५००० | ८००० | ७००० |

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.ब.२०७९/८० का लागि स्वीकृत बार्षिक योजनाहरु मध्ये रु. १५ लाख भन्दा माथिका योजनाहरुको कार्यान्वयन गर्दा ठेक्का प्रकृया मार्फत कार्य सञ्चालन गर्ने र सो भन्दा मुनिका सबै योजना तथा कार्यक्रम उपभोक्ता समिति वा गठन भई कृयाशील रहेका विद्यालय व्यवस्थापन समिति,वन समिति, खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा यस्तै अन्य स्थायी प्रकारका समितिहरुबाट सञ्चालन गर्ने निर्णय गरियो । ठेक्कापट्टाबाट योजना कार्यान्वयन गर्दा यस नगरपालिकासँग वोलपत्र र दरभाउपत्र गरी ५ भन्दा बढी योजना सम्झौता गरी कार्य सम्पन्न नगरेका निर्माण व्यावसायीलाई सो भन्दा बढी वोलपत्र वा दरभाउपत्र पेश गर्न र ठेक्का सम्झौता गर्न निषेध गर्ने व्यवस्था गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा उपभोक्ता समितिबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सबै वडामा पत्राचार भैसकेकोले यथाशीघ्र बार्षिक कार्ययोजना अनुसार उपभोक्ता समिति गठन गरी सिफारिस सहित सम्झौताका लागि नपामा पठाउन सबै वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित बनाउन नयाँ भवन र सभा हल पार्टीशन गर्ने र आबश्यक मर्मत सुधार गर्ने कार्यका लागि अधुरा तथा आकस्मिक योजना शीर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी प्राविधिक लागत अनुमानका आधारमा कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग परियोजना कार्यक्रम (LISP Pailot) संगको वित्तिय साझेदारीमा स्थानीय श्रममा आधारित उत्पादनसिल तथा बढि भन्दा बढि रोजगारी सृजना गर्ने, जलवायु उत्थानमा टेवा पुर्याउने तपसिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१) रिचार्ज पोखरी सहित १२ नं. वडा कार्यालय देखि गौडा कृषि सडक स्तरोन्नती दुल्लू न.पा. १२
२) पाली सोलार लिफ्ट सिंचाई योजना दुल्लू न.पा. ३ (हेल्भेटास समेतको साझेदारी) (रिचार्ज पोखरी सहित)
३) बैंक देखि १३ नं. वडा कार्यालयसम्म कृषि सडक स्तरोसन्नती दुल्लू न.पा. १३ (रिचार्ज पोखरी सहित)
४) श्रीस्थान विजौरा माईकाथान वालुखेत हुदै मुल्की कृषि सडक दुल्लू न.पा. १० (रिचार्ज पोखरी सहित)
५) शान्तिवजार पातिकाल्ला भानेश्वर देउतीचौर कृषि सडक स्तरोन्नती दुल्लू न.पा. ४, १ र २ (रिचार्ज पोखरी सहित)
६) ग्रीन हाउस निर्माण तथा काफलपानी, भाटिमेला र सिमलतोली पहिरो नियन्त्रण दुल्लू न.पा. २ र ३
७) पुसाकोट सुर्यचोक वडा कार्यालय तल्लोडुङ्गेश्वर सडक स्तरोन्नती दुल्लू न.पा. ६ (रिचार्ज पोखरी सहित)
८) भजनियाँ पोखरी वडा कार्यालय हुदै प्यादुरा कृषि सडक स्तरोन्नती दुल्लू न.पा. ९ (रिचार्ज पोखरी सहित)
९) चौतारा पोखरा रिजु सडक स्तरोन्नती दुल्लू न.पा. ५ (रिचार्ज पोखरी सहित)
१०) पटाङ्गीनी तल्लीपाँउ भण्डारीगाँउ पाली कृषि सडक स्तरोन्नती दुल्लू न.पा. ७, ४ र ३ (रिचार्ज पोखरी सहित)
११) मालिगाड तोराँया कालेखोला कृषि सडक स्तरोन्नती दुल्लू न.पा. ११ (रिचार्ज पोखरी सहित)
१२) थापाथली ठकुरीबाडा देवनधारा कृषि सडक स्तरोन्नती दुल्लू न.पा. ८ (रिचार्ज पोखरी सहित)

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा दुल्लू न पा वडा नं. ८ वडा कार्यलयमा कार्यालय सहयोगी र वडा नं. ६ वडा कार्यालयमा सामाजिक परिचालक, छिउडीपुसाकोट स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टरमा अ.न.मी. र रातिमाटा शहरी स्वास्थ्य केन्द्रमा रिक्त अ.हे.व. र कार्यालय सहयोगी एक एक गरी जम्मा पाँच पद पूर्तिका लागि नगर कार्यपालिकाको कार्यालयबाट १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा श्री चरणपादुकास्थान गुठी व्यवस्थापन तथा संरक्षण समितिको प.सं. २०७९/८०, च.नं.६ र मिति २०७९/०५/१३ को प्राप्त पत्रानुसार गुठी संस्थान त्रिपुरेश्वर काठमाण्डौको परिपत्र बमोजिम गुठी जग्गाको मालपोत प्रति रोपनी रु. २५०/ कायम गरी आएकोले आबश्यक छलफल गरी गुठियारहरुको हितमा निर्णय हुन माग गरिएको, सो मन्दिर लगायत श्रीस्थान, नाभिस्थान, धुलेश्वर, तल्लोडुङ्गेश्वर, पादुका, वालेश्वर, बिन्ध्यावासिनी माई लगायतका यस नगरपालिकामा करिब ८० प्रतिशत जग्गा विभिन्न गुठी अधिनश्त रहेकोमा निम्न समस्या समाधानका लागि गुठी संस्थान त्रिपुरेश्वर काठमाण्डौमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

तपसिल

(क) मन्दिरको दैनिक पाठपुजा र मन्दिर संरक्षणका लागि आवश्यक अनुदान माग गर्ने ।

(ख) गुठीको जग्गा र अन्य चल सम्पती संरक्षणका लागि गुठी संस्थानको प्रतिनिधि नगरपालिकामा खटाउन अनुरोध गर्ने ।

(ग) गुठीको तिरो मालपोतले नभई रैकर जग्गा सरह नै गुठी व्यवस्थापन समिति वा नगरपालिकाले उठाउने व्यवस्था गरी एकरुपता कायम गर्ने ।

(घ) वि.स. २०५२ देखि २०७३ सम्मको तिरो मिनाह गर्ने व्यवस्था गरिदिन अनुरोध गर्ने ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. १० मा आ.ब. २०७५।०७६ मा आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश सुर्खेतबाट गाईखुरे रिटारुख नरसिंहडाँडा सातखम्ब गमौडी लिफ्ट खानेपानी योजना निर्माण वापत् प्राप्त समपुरक अनुदान रु. १ करोड र यस नगरपालिकाको रु. १ करोड गरी रु. २ करोडको लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरिएकोमा श्री नानजिला एण्ड आकांक्ष/मजदूर जे.भी. सुर्खेतले मु.अ.कर बाहेक सबैभन्दा घटी रु.१,७०,१९,४२९।२५ कवोल गरेकोमा उक्त फर्मसँग मिति २०७६।३।६ मा सम्झौता भई कार्य सञ्चालन भएकोमा रकमको अप्रयाप्तताका कारण योजना सम्पन्न हुन नसकी अधुरो नै रहेको र उक्त योजना सम्पन्न गर्न थप करीब रु.२ करोड आबश्यक देखिएकाले सो रकम उपलब्ध गराई दिनुहुन आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश सुर्खेतसँग माग गरी पठाउने निर्णय गरियो । साथै उक्त योजनामा हालसम्म गरेको कामको प्राविधिक मूल्यांकनका आधारमा भुक्तानी पाउँ भनि निर्माण व्यावसायीका तर्फबाट पेश भएको निवेदन उपर समेत छलफल भयो र उक्त योजनाको बैंक ग्यारेण्टीको स्याद थप गरी नविकरण गर्न लगाउने र कार्यसम्पन्न भई खानेपानी सञ्चालन भएपछी मात्र रकम भुक्तानी निर्णय गरियो ।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा श्री नरेश्वर उद्यमशील विद्यालयको भवन निर्माणका लागि रु. ६ करोड ९२ लाख ४० हजार ८ सय ६६ को लागत अनुमान तयार भएको, चालु आ.ब.२०७९/८० का लागि रु. ३ करोड ५० लाख विशेष अनुदानको अख्तियारी प्राप्त भएको र आगामी आ.ब.मा समेत सोही बराबरको श्रोतको सुनिश्चितताका आधारमा दुल्लू नगरपालिकालाई दायित्व नपर्ने गरी लागत अनुमान स्वीकृत गर्ने र बहुबर्षीय ठेक्का प्रकृया मार्फत कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्रका नदी तथा खोला किनारका घाटहरुबाट ढुंगा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थहरु उत्खनन् तथा विक्री वितरणका लागि यसपूर्व तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका आधारमा १५ दिने सूचना प्रकाशित गरी दरभाउपत्र माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा एक पालिका एक भेटेरीनरी डाक्टर (पशु विकास अधिकृत छैटौं) र कृषि स्नातक (कृषि विकास अधिकृत छैटौं) करारमा नियूक्ती गर्नका लागि चालु आ.ब.मा कृषि र पशुपंक्षी विकास तर्फ कर्मचारी पारिश्रमिक शीर्षकमा रकम विनियोजन भई आएकोमा सो रकमबाट पारिश्रमिक भुक्तानी हुने गरी उल्लेखित जनशक्ति करार सेवामा नियूक्तिका लागि १५ दिने सूचना प्रकाशन गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५: प्रस्ताव नं. १५ माथि छलफल गर्दा चालु आ.ब.२०७९/८० को सशर्त अनुदान अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखाहरुले तत्काल प्रकृया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १६: प्रस्ताव नं. १६ माथि छलफल गर्दा रात्रिकालीन पाले पहरेको काम गरिरहेका कृष्ण थापाले विना सूचना उक्त काम छोडेका र कार्यालयको सुरक्षासँग सम्बन्धित पालो पहराको काम गर्न जनशक्ति अत्याबश्यक भई मौजुदा कार्यालय सहयोगीहरुमाध्ये बाटै रात्रीकालीन पहरा गर्ने गरी कामकाजमा लगाउने र यसरी थप कामकाज गरेवापत् प्रत्येक रातको रु. ५००।०० थप सुविधा दिने निर्णय गरियो ।

निर्णय नं. १७: प्रस्ताव नं. १७ माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डाईलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार लाभग्राहीहरुको नामावली संकलनका लागि १५ दिने सूचना प्रकाशित गर्ने र उक्त कार्य आधारभूत स्वास्थ्य तथा सरसफाई इकाईले संयोजन गर्ने गरी व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १८: प्रस्ताव नं. १८ माथि छलफल गर्दा वडा नं. २ का वडा अध्यक्ष श्री फारमसिंह थापाको श्रीमती पार्वती थापालाई क्यान्सर रोग लागि उपचाररत रहेको र निजको अवस्था अत्यन्त गम्भिर रहेकाले शीघ्र स्वास्थ्यलाभको कामना सहित उपचार सहयोगका लागि रु.५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९: प्रस्ताव नं. १९ माथि छलफल गर्दा हिंस्रक वन्यजन्तुहरु बाँदर र बँदेलले प्राय सबै वडाका जंगल आसपासका वस्तीका किसानहरुले लगाएको मकैवाली लगायतका खेतीपाती नष्ट गरेको र मानवमाथि समेत हिंशात्मक गतिविधि गरेका कारण सर्वसाधारण नागरिक पीडित भैरहेका घटनालाई हृदयंगम गरी राहतका लागि यू.एस.ए.आई.डी. लगायत सरकारी तथा गैरसरकारी निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०: प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.ब.२०७९/०८० का लागि स्मार्ट सिटी गुरुयोजना कार्यान्व्यनका लागि रु. ४८ लाख ५० हजारको अख्तियारी प्राप्त भएकोमा उक्त रकमबाट गुरुयोजनामा प्राथमिकीकरण भएको धियातिदू- कीर्तिखम्ब- शान्तिबजार- पिपलधाडी सडक अन्तर्गत निम्न खण्डमा सडकको स्तरोन्नति गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

१) बाँकेगैरा विजया मा.वि. हुँदै शान्तिबजारसम्मको निर्माणाधिन सडक वोर्डको अनुदानबाट सञ्चालित बाहेकको भागमा सडक चौडा गर्ने,पक्की नाला निर्माण र ग्राभेल गर्ने कार्य दुल्लू ७ र ४

(१) टिमुरगाउँ धारा नजिकको हिलाम्य भाग सुधार गर्ने र पूर्ण प्रसाद न्यौपानेका घर नजिक गएको पहिरो नियन्त्रणका लागि तारजाली यूक्त सपोर्टवाल निर्माण,ग्राभेल र नाला निर्माण गर्ने कार्य दुल्लू नपा ४

निर्णय नं. २१: प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिका र अन्तरगतका विभिन्न वडाको अनुदानबाट गत आ.व.सम्म कार्यरत रहेका शिक्षकहरुको चालु आ.व.को पारीश्रमीक नगरपालिकाबाट नगर शिक्षक व्यवस्था गरी उपलब्ध गराउने निर्णय भएकोमा हालसम्म उक्त शिक्षक नियुक्तिको कार्य भई नसकेकाले वडा शिक्षा समितिको सिफारिसमा २०७९ श्रावण देखि कार्तिक मसान्तसम्मको पारीश्रमीक साविकमा खाईपाई आए बमोजिम नै हुनेगरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २२: प्रस्ताव नं. २२ माथि छलफल गर्दा दुल्लू नगरपालिका वडा नं. ३ बोडगाड देखि अछाम जिल्ला तुर्माखाद गाउँपालिका वडा नं. बुढाबालुवा जोड्ने झोलुङ्गे पुल निर्माणका लागि स्थानीय पूर्वाधार विकास कार्यालय पुल्चोकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ : प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत निम्न वडा केन्द्रको नाम (स्थान) आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहाय अनुसार परिवर्तनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | हाल कायम भएको वडा केन्द्र | परिवर्तन गरी कायम हुनुपर्ने वडा केन्द्र |
|---|---|---|---|
| १ | ४ | बगौरा डाँडाआवत | कालापानीध |
| २ | ८ | पौवा | जिमलडाँडा |

निर्णय नं. २४ : प्रस्ताव नं. २४ माथि छलफल गर्दा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले प्रकाशित गरेको सूचना अनुसार यस नगरपालिका कार्यालय र अन्तर्गतका विद्यालय, स्वास्थ्य चौकी, धार्मिक क्षेत्र, सिचाई योजना, खानेपानी योजना लगायतका तर्फबाट प्रस्ताव तयार गरी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २५ : प्रस्ताव नं. २५ माथि छलफल गर्दा यस नगरपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा रहेका विद्यामान समस्याहरुको समाधान र विभिन्न सवालहरुलाई गगवजडटधत्र मसौदा तयारी समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

तपसिल

नगर प्रमुख श्री भरत प्रसाद रिजाल संयोजक

नगर उप प्रमुख श्री विना कार्की सदस्य

सुशासन विज्ञ श्री नारायण प्रसाद बेल्बासे प्रतिनिधि कर्णाली प्रदेश जल परियोजना सदस्य

दलित महिला सदस्य श्री विष्णा कुमारी बि.क. कुमाल सदस्य

महिला सदस्य श्री नन्दकला बुढा सदस्य

कार्यपालिका सदस्य श्री सुशिल कुमार भण्डारी सदस्य

ईन्जिनियर श्री सौगात कार्की सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानमणि नेपाल सदस्य सचिव